परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ९८ पृष्ठ ४ २०८२ माघ १४ गते, बुधबार 28 January, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।





## नौटक्की र चटके शैलीमा राजनीति गर्दिनँ : गगन थापा

● टक नेपाल

नेपाली कांग्रेसका सभापति गगन थापाले सर्लाहीका जनतासँग केवल मत माग्न नभई दीर्घकालीन सम्बोधन गाँस्न आएको बताएका छन्।

थापा सर्लाही क्षेत्र नम्बर ४ बाट प्रतिनिधि सभा उम्मेदवार छन् । मंगलबार उनले नेता-कार्यकर्तासँग भेटका क्रममा यस्तो बताएका हुन् । थापाले चुनावका बेला मात्र देखिने पाहुना नेता बन्न नचाहेको स्पष्ट पारे। उनले केही नेताहरू चुनावको समयमा मात्र आएर फोटो खिच्ने औपचारिकता निभाउने र पछि हराउने प्रवृत्तिबाट आफू अलग रहेको दाबी गरे।

स्थानीय भाषाका केही शब्द बोल्न सुझाव आए पनि केवल ताली बटुल्न नाटक नगर्न उनको भनाइ थियो। थापाले काठमाडौँमा सांसद रहँदा गैर नेवार भएपनि नेवार समुदायको संस्कृति र पर्वमा घुलमिल भएर विश्वास जितेको अनुभव सुनाउँदै उनले सर्लाहीमा पनि त्यस्तै सम्बन्ध निर्माण गर्ने प्रतिबद्धता जनाए।आफू नौटङ्की र चटके शैलीमा राजनीति नगर्न बताउँदै थापाले सर्लाही क्षेत्र नम्बर ४ का जनताको साथी भाइ र छोराको रूपमा काम गर्ने सङ्कल्प गरे।







# मधेस केन्द्रित एजेन्डामा जनमतप्रति जनविश्वास बढ्दो :डा.राउत



● चन्दन रजक

आगामी निर्वाचनलाई लक्षित गर्दै सप्तरी निर्वाचन क्षेत्र नं. १ अन्तर्गत कञ्चनरूप नगरपालिका-१ वैरवामा जनमत पार्टीको आयोजनामा मंगलबार भव्य पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष तथा सप्तरी क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्य उम्मेदवार डा. जयकान्त राउतले विभिन्न राजनीतिक दल परित्याग गरी जनमत पार्टीमा प्रवेश गरेका स्थानीय नागरिकहरूलाई माला, अबिर र गम्छा लगाएर भव्य स्वागत गरे। नवप्रवेशीहरूले मधेसको पहिचान, अधिकार र विकासको स्पष्ट खाकासहित अघि बढिरहेको जनमत पार्टीप्रति भरोसा व्यक्त गर्दै पार्टीमा आबद्ध भएको बताएका छन्। उनीहरूले परिवर्तन, सुशासन र समावेशी विकासको एजेन्डालाई व्यवहारमा उतार्न नेतृत्वका रूपमा डा. राउतलाई समर्थन गर्ने प्रतिबद्धता जनाएका छन्।

कार्यक्रमलाई सम्बोधन गर्दै डा. राउतले जनताको मत नै परिवर्तनको आधार भएको उल्लेख गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधार विकासलाई आफ्नो प्राथमिक एजेन्डा बनाउने प्रतिवद्धता व्यक्त गरे।स्थानीय तहमा जनसमर्थन तीव्र रूपमा बढ्दै गएको र जनमत पार्टीलाई निर्णायक शक्तिका रूपमा स्थापित गर्ने विश्वास कार्यक्रममा सहभागीहरूले व्यक्त गरेका छन्।

कार्यक्रममा प्रदेश सभा सदस्य तथा पूर्वमन्त्री सकिल अली, हनुमाननगर कंकालिनी नगरपालिकाका नगरप्रमुख बीरेन्द्र माझी लगायत जनमत पार्टीका नेता तथा कार्यकर्ताहरूको उत्साहजनक उपस्थिति रहेको थियो।

## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन ेक्न समाजमा चेतना फलाउन जरूी छ ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ेजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।
- चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ेकथामका लागि अन्तत्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
- पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।
- मानव बेचबिखनका मुद्दा अनुसन्धान गने प्रहीलाइ यसका बोमा धे ज्ञान दिन जरूी छ । उनीह लाइ बेचबिखन सम्बन्धी अपाधको गाम्भीयता बुझाउन जरूी छ ।
- भातीय सिमा नाकाहरूमा संघ संस्था नागकि समाजसंग मिले निगानी प्रभावकाी बनाइनु पदछ ।
- अनुसन्धान पद्धतिमा व्यापक सुधा गी विज्ञ समूह खडा गने विशेष अनुसन्धान पद्धति लागू गनिु आवश्यक छ ।

एकडारा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश



परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### मौन समर्थकले मारेको लोकतन्त्र

राजनीतिक दलभित्र प्रश्न गर्न निषेध र नेताका गलत कदममा मौन समर्थनको संस्कार मौलाउँदै जानु लोकतन्त्रका लागि गम्भीर चिन्ताको विषय हो। जब कार्यकर्ताले आँखाचिम्लेर नेतृत्वका हरेक निर्णय अनुमोदन गर्न थाल्छन्, तब आन्तरिक लोकतन्त्र खोक्रो बन्छ । प्रश्न गर्ने संस्कार हराउँदै जाँदा नेतृत्व उत्तरविहीन र अलोकप्रिय बन्नु स्वाभाविक हो । यही प्रवृत्तिले पुराना राजनीतिक दलप्रति जनविश्वास कमजोर हुँदै गएको यथार्थ आज स्पष्ट देखिन्छ।

लोकतन्त्र प्रश्न र उत्तरको निरन्तर प्रक्रियाबाट जीवित रहन्छ। फरक मतलाई दबाउने, आलोचनालाई निषेध गर्ने प्रवृत्ति निरङ्कुशताको संकेत हो । चुनाव जितेपछि मतदातासँगको सम्बन्ध टुट्ने, वाचा बिर्सने र नागरिकलाई केवल चुनावी गणितमा सीमित गर्ने राजनीतिक संस्कारले जनतामा निराशा बढाएको छ । यही निराशाको प्रतिफलस्वरूप युवापुस्ताको असन्तोष र सक्रियता बढ्दै गएको छ, जसलाई नकारात्मक रूपमा होइन, लोकतन्त्र सुदृढ गर्ने अवसरका रूपमा लिनुपर्छ ।

अब पुराना दलले आत्मसमिक्षा र रूपान्तरण अपरिहार्य रूपमा गर्नैपर्छ । आन्तरिक लोकतन्त्र, पारदर्शिता, जवाफदेहिता र अर्थपूर्ण सहभागिता सुनिश्चित नगरी लोकतन्त्र दीर्घजीवी हुन सक्दैन। अनुभवयुक्त नेतृत्व र ऊर्जाशील युवापुस्ताबीच सन्तुलित सहकार्यबाट मात्र देशले खोजेको स्थायी परिवर्तन सम्भव छ ।




# मधेसी मतदाताका आफ्नै पीडा, चाहन्छन् दुःख बुझ्ने नयाँ अनुहार

• नवीन प्रियदर्शी



प्रतिनिधिसभा निर्वाचनको मिति नजिकिएसँगै मधेसका सहरी भेगमा मात्रै होइन, गाउँ-देहातमा समेत चुनावी चर्चा भइरहेको छ । मनोनयन दर्तासँगै उम्मेदवार, नेता तथा कार्यकर्ताहरूको दौडधुप बढेको छ।

तर, ग्रामीण समुदायका मुसहर टोल, तत्मा टोल, मलाह टोल र चमार टोलका व्यक्तिहरू भन्छन्, 'टीभी र मोबाइलमा चुनावको कुरा सुनिन्छ । गाउँका अरू टोलबाट पनि जानकारी मिल्छ, तर हाम्रो बस्तीमा अहिलेसम्म कुनै रौनक छैन । विगतको चुनावमा जुन होहल्ला, प्रचार र फोटोफाटो हुन्थ्यो, त्यो यसपालि छैन, तर हामीलाई त्योसँग मतलब पनि छैन ।'

जनकपुरधाम उपमहानगरपालिका-२३ की ७० वर्षीया समुद्री सदा भन्छिन्, 'खानका लागि तड्पिरहेको छु। हाम्रो समुदायलाई कसैले हेरेको छैन। चुनावबाट जितेर जाँदा पनि धनी र ठुला जातका लागि मात्रै हुन्छ। हामी तल्लो जातका गरिबलाई कसले हेर्ने ? न खान छ, न घर छ। जाडोमा पनि कसैले हेरेन। कपाल फुलेसक्यो, कति चुनाव हेरेँ, तर हाम्रो लागि कोही छैन।'

महोत्तरीको पिपरा गाउँपालिका-७ की ७१ वर्षीया बेचनी देवीले धेरै पटक भोट खसाले पनि कसैले नहेरेको गुनासो गर्छिन्। उनी भन्छिन्, 'कति चोटि मत खसाले, के भयो ? कसैले सुनेन, वास्ता पनि गरेन। चुनावले हामीलाई के फाइदा ? काम गर्छौं तब खान्छौं, काम हुँदैन कसैले केही दिँदैन। हामी गरिबका लागि, हाम्रो जात समुदायका लागि के सोचेको छ ? पैसा छैन। उपचार गराउन या ठुलो इलाज गराउन पनि पैसा चाहियो। सरकारी अस्पतालमा पनि ठुला व्यक्तिलाई नै उपचार हुन्छ।'

जलेश्वर नगरपालिका-७ पर्कौलीस्थित चियापसलमा भेटिएका दीपक झा भन्छन्, 'मनोनयन दर्तादेखि जनतामा उत्साह छ। राम्रो वातावरण बनेको देखिन्छ। सरकारले तोकेको समयमा निर्वाचन हुन्छ भन्ने विश्वास थिएन।' निर्वाचनपछि देशले निकास पाउने उनले विश्वास गर्छन् । 'अब देशलाई नयाँ पुस्ताले हाँक्नुपर्छ। अब देशको प्रधानमन्त्री नयाँ पुस्तालाई दिनुपर्छ र उनले नै देशको मर्म बुझेर विकासतिर लग्नेछ,' उनी भन्छन्।

नगराइन नगरपालिका-३ का राघवदासले चुनावपछि आउने सरकार समृद्धि र आर्थिक वृद्धितिर लागोस् भन्ने चाहना राखेका छन् । 'निर्वाचन राम्रोसँग होस् । नयाँ नेतृत्व राम्रो मान्छेले लियोस् । देश समृद्धि र आर्थिक वृद्धितिर लागोस् र कर्तव्यनिष्ठको हातमा जाओस्,' दास भन्छन्, 'यसपालि जनता सचेत छन्, मत दुरुपयोग गर्दैनन् । लोभलालचमा यसपालि नेपाली जनता, चाहे पहाड, तराई, हिमाल जहाँका भए पनि, सोचेर मतदान गर्नेछन् ।'

बदलिँदो राजनीतिक परिदृश्यबिच प्रमुख दलहरूले अधिकांश पुराना अनुहारलाई नै पुनः चुनावी मैदानमा उतारेका छन् । मधेस आन्दोलनको मर्मविपरीत घरपरिवार र नातागोतालाई समानुपातिकमा केन्द्रित गरिएका र नागरिकको हितमा खासै काम गर्न नसकेका पुराना अनुहारलाई दोहोर्‍याउनुभन्दा नयाँ अनुहारलाई मौका दिनुपर्ने मधेसका युवाहरूको भनाइ छ।

मिथिला नगरपालिकाका अब्दुल मिया भन्छन्, 'यसपालि फेरि पुराना उम्मेदवार नै धेरै दोहोरिएका छन् । तर, गाउँघरमा नयाँ अनुहारको चर्चा चलिरहेको छ। पुरानोले के गर्‍यो, त्यो हामीले हेरिसक्यौँ, यसपालि नयाँलाई अवसर दिनुपर्छ । नयाँ पार्टी, नयाँ संगठन र नयाँ अनुहारलाई मौका दिनुपर्छ।'

लामो संघर्ष र नागरिकहरूको बलिदानपछि प्राप्त संघीय लोकतान्त्रिक व्यवस्थालाई अझ बलियो र संस्थागत गर्न निर्वाचनको विकल्प नभएको सचेत मतदाता बताउँछन् । निष्पक्ष र शान्तिपूर्ण वातावरणबिच आसन्न प्रतिनिधि सभा निर्वाचनका लागि सुरक्षा निकायलगायत सरोकारवालाहरूसँग धनुषाको तारापट्टि चौरमा भेला भएका समुदायहरूले प्रशासनलाई आग्रह गरेका छन्, उनीहरू निष्पक्ष मत खसाल्ने वातावरण बनोस् भन्ने चाहन्छन् ।

बाक्लो जनघनत्वका हिसाबले सातै प्रदेशमध्ये मधेस प्रदेश दोस्रो स्थानमा छ। यहाँ ३६ लाख ३६ हजार ४१४ जना मतदाता छन् । विगतका निर्वाचनका आँकडा हेर्दा बदर मतको संख्या बढी देखिएकाले मतदाता शिक्षा एउटा चुनौतीपूर्ण समस्याका रूपमा छ।

यता, सर्लाही लालबन्दी नगगरपालिका नवलपुरका कृषक अशोक झा भन्छन्, 'पुराना दलहरूले सत्ता र कुर्सी जोगाउन मात्रै निर्वाचनका बेला कृषि, स्वास्थ्य, शिक्षा नै पहिलो प्राथमिकता भन्दै ठुला भाषण गर्छन् । जितेर गएपछि सबै बिर्सन्छन् । अहिले कृषक हामी कति मारमा छौँ, समयमा न बीउ, न मल, न त सस्तो दरमा बैंकबाट ऋण नै पाइन्छ। यसपालि वर्षाका कारण धान, तरकारी र अन्य बालीको उत्पादन राम्रो हुन सकेन । अन्नले राम्रो बजार पाउन सकेन । हाम्रो पीडा कसले बुझ्ला ? हामी धेरै ठगियौँ। अब पुराना दल र पुराना नेताहरूप्रतिको विश्वास गुमेको छ। त्यसैले अब नयाँ युवा नेतृत्वलाई मौका दिनुपर्छ।'

बाक्लो जनघनत्वका हिसाबले सातै प्रदेशमध्ये मधेस प्रदेश दोस्रो स्थानमा छ। यहाँ ३६ लाख ३६ हजार ४१४ जना मतदाता छन् । विगतका निर्वाचनका आँकडा हेर्दा बदर मतको संख्या बढी देखिएकाले मतदाता शिक्षा एउटा चुनौतीपूर्ण समस्याका रूपमा छ। मताधिकारको सही प्रयोग गर्न र अनिवार्य रूपमा मतदानमा सहभागी गराउन मतदाता शिक्षालाई प्राथमिकताका साथ विस्तार गर्नुपर्ने देखिन्छ।


सर्लाही, हरिपुर्वाका राकेश यादव भन्छन्, 'मत खसाल्न हामीलाई धेरै गाह्रो हुन्छ । मतपत्रमा कहाँ भोट हाल्ने भन्ने कुरा कम पढेलेखेका महिला, बुढापाकाहरूलाई थाहा हुँदैन । त्यसका लागि मतदाता शिक्षा राम्रोसँग दिनुपर्छ । मतदाता शिक्षाको ज्ञान नहुँदा धेरै मत बदर हुन्छ। प्रभावकारी मतदाता शिक्षा लागु नगरिए विगतमा जस्तै मत बदर हुनेछ।'

मधेस प्रदेशका आठ जिल्लामध्ये प्रत्येकमा चार निर्वाचन क्षेत्रका दरले कुल ३२ निर्वाचन क्षेत्र छन् । आगामी फागुन २१ गते हुने निर्वाचनका लागि प्रत्यक्षतर्फ विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी १ हजार ४८ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।



# महोत्तरीमा सात पूर्वमन्त्री फेरि उम्मेदवार

● टक नेपाल



चार निर्वाचन क्षेत्र भएको महोत्तरीमा यसपटकको प्रतिनिधिसभा सदस्य निर्वाचनमा सात पूर्वमन्त्री पुनः प्रतिष्पर्धामा छन्। महन्थ ठाकुरले छाडेको क्षेत्रमा नयाँ उम्मेदवारले प्रतिष्पर्धाको मौका पाउँदा पञ्चायतकालदेखि लगातार उठ्दै आएका शरतसिंह भण्डारी यसपटक पनि उठेका छन्। गिरिराजमणि पोखरेल पुनः उठ्दा उनलाई अघिल्लो निर्वाचनमा पराजित गर्ने कोइरीले फेरि चुनौती दिएका छन्।

महोत्तरी-१ र २ बाट एक/एक, ३ बाट दुई र ४ नम्बर क्षेत्रबाट तीन पूर्वमन्त्री चुनावी मैदानमा छन्। प्रतिनिधि सभा र स्थानीय तह निर्वाचनमा मधेशवादी दलको बहुमत रहँदै आएको महोत्तरीका निर्वाचन क्षेत्रहरूमा स्वतन्त्र उम्मेदवारको पनि प्रभाव रहिआएको छ। दलहरूले पुरानै अनुहारलाई पुनः उभ्याउँदा नयाँले मतदाता आकर्षित गर्न अपनाउने जुक्ति सफल भएमात्रै चुनौती बढ्ने देखिन्छ।

महोत्तरी-१ बाट पूर्वस्वास्थ्य तथा जनसंख्यामन्त्री गिरिराजमणि पोखरेल नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार छन्। उनीसँगै एमालेका पूर्वसांसद लक्ष्मी महतो, कांग्रेसका मुकेशराज काफ्ले, रास्वपाका प्रमोदकुमार महतो, राप्रपाका होमप्रसाद पोखरेल, जसपाका योगनारायण महतो, जनमतका वीरेन्द्र महतो लगायत चुनावी मैदानमा छन्।

२०७९ को प्रतिनिधि सभा निर्वाचनमा लक्ष्मी महतो कोइरी निकटतम प्रतिष्पर्धी पोखरेललाई १ हजार ३० मतान्तरले पछि पार्दै विजयी भएका थिए। उनले २३ हजार ४०२ मत पाउँदा गिरिराजमणिले २२ हजार २ सय ७२ मत पाएका थिए। ७ हजार ८ सय १२ मत ल्याएका स्वतन्त्र उम्मेदवार पोषणबहादुर थापा तेस्रो स्थानमा थिए।

त्यसअघि २०७४ मा माओवादी केन्द्रका गिरिराजमणि निकटतम प्रतिष्पर्धी संघीय समाजवादी फोरमका लक्ष्मी महतोलाई ४ हजार २ सय ८४ मतले पछि पार्दै विजयी भएका थिए। गिरिराजले २३ हजार ७७६ मत ल्याउँदा महतोको १९ हजार ४ सय ९२ मत थियो। तेस्रो स्थानमा रहेका कांग्रेसका सीताराम भण्डारीले ९ हजार ४ सय ७५ मत पाएका थिए।

महोत्तरी-२ बाट यसपटक पनि पूर्वमन्त्री शरतसिंह भण्डारी उठेका छन्। उनी यसपटक जनता समाजवादी पार्टी नेपालबाट चुनावी मैदानमा छन्। यो क्षेत्रमा कांग्रेस पूर्वसांसद किरण यादव, एमालेका कासिम नदाफ, नेकपाका लक्ष्मणकुमार यादव, रास्वपाका दीपककुमार साह, राप्रपाका रामलखन कानु, जनमतका जयकुमार पाण्डेय, उज्यालो नेपाका राकेश मण्डल, श्रम संस्कृतिका आलम कवारी, प्रलोपाका राजनारायण झा लगायत प्रतिस्पर्धामा छन्।२०७९ को निर्वाचनमा शरतसिंह भण्डारी लोसपा नेपाल पार्टीबाट साइकल चिन्ह लिएर २५ हजार १ सय ९० मतले विजयी भएका थिए। उनका निकटतम प्रतिष्पर्धी तमलोपाका विजयकुमार सिंहले ११ हजार १ सय २० मत ल्याएका थिए। तेस्रो स्थानमा रहेका एमालेका रामपरीक्षण यादवले १० हजार २ सय ५८ मत पाएका थिए। यो क्षेत्रमा रास्वपा ३६० मतका साथ छैटौं स्थानमा थियो।

२०७४ को निर्वाचनमा पनि भण्डारी निर्वाचित भएका थिए। राजपा नेपालबाट उम्मेदवार बनेका भण्डारीले ३० हजार ७२२ मत ल्याउँदा उनका निकटतम प्रतिष्पर्धी कांग्रेसका किरण यादवले १३ हजार ९७४ मत पाएका थिए। तेस्रो स्थानमा रहेका माओवादीका कासिम नदाफले ३ हजार ७३२ मत पाएका थिए।

यसपटक महोत्तरी-३ बाट पूर्वकृषिमन्त्री हरिनारायण यादव र पूर्वगृहराज्यमन्त्री मोहम्मद रिजवान चुनावी मैदानमा छन्। यो पुराना राजनीतिक खेलाडी महन्थ ठाकुरको क्षेत्र हो। यसपटकको निर्वाचनअघि उनको दल जसपामा विलय भएको छ। उनी पनि प्रत्यक्षको भिडन्त छाडेर राष्ट्रिय सभामा गएका छन्। यादवलाई जसपा नेपालले टिकट नदिएपछि स्वतन्त्र उठेका छन्। रिजवानले नेपाल संघीय समाजवादी पार्टीबाट उम्मेदवार भएका छन्।

यो क्षेत्रमा स्वतन्त्र उम्मेदवार रामआधार कापर, कांग्रेसका बजरंग नेपाली, जसपा नेपालकी मिनाक्षी ठाकुर, रास्वपाका उज्ज्वलकुमार झा, एमालेका मनोजकुमार सिंह, राप्रपाका राजेश्वर राय, जनमतका अरविन्द ठाकुर लगायत प्रतिस्पर्धामा छन्। यो क्षेत्रमा २०७९ मा लोसपाका महन्थ ठाकुर साइकल चिन्ह लिएर १६ हजार ३७५ मतका साथ विजयी भएका थिए। निकटतम प्रतिष्पर्धी जसपा नेपालका हरिनारायण यादवले १४ हजार ३२५ मत पाएका थिए भने १२ हजार ७३३ मतका साथ स्वतन्त्र उम्मेदवार रामआधार कापर तेस्रो स्थानमा थिए। त्यसअघि २०७४ मा महन्थ ठाकुर राजपा नेपालबाट २६ हजार ८४५ मतका साथ विजयी भएका थिए। ८ हजार ६७६ मतका साथ एमालेका विजयकुमार चौधरी दोस्रो र ४ हजार २० मतका साथ स्वतन्त्र उमेन्दवार चन्देश्वर झा तेस्रो स्थानमा थिए।

महोत्तरी-४ बाट पूर्वकृषिमन्त्री महेन्द्रकुमार राय, पूर्वस्वास्थ्य राज्यमन्त्री डा. सुरेन्द्र यादव र मधेश प्रदेशका पूर्वगृहमन्त्री भरतप्रसाद साह चुनावी मैदानमा छन्। महेन्द्रकुमार कांग्रेसबाट, डा. सुरेन्द्र जसपा नेपाल, भरतप्रसाद नेकपाबाट उम्मेदवार छन् भने रास्वपाबाट गौरी कुमारी र एमालेबाट नीलम अधिकारी पनि प्रतिष्पर्धामा छन्। २०७९ को चुनावमा यो क्षेत्रबाट कांग्रेसका महेन्द्रकुमार २५ हजार ४४८ मतका साथ विजयी भएका थिए। निकटतम प्रतिष्पर्धी जसपा नेपालका सुरेन्द्रकुमार यादवको २१ हजार ३३१ मत थियो भने तेस्रो स्थापमा रहेका जनमतका मनोजकुमार साहले १० हजार ५९ मत पाएका थिए।

त्यसअघि २०७४ मा संघीय समाजवादी फोरमका सुरेन्द्रकुमार राय १८ हजार ३५३ मतले विजयी भएका थिए। निकटतम प्रतिष्पर्धी थिए कांग्रेसका महेन्द्रकुमार राय, जसले १३ हजार २५ मत पाएका थिए भने तेस्रो बनेका माओवादी केन्द्रका मोहमद रजी हैदरले १२ हजार ९४५ मत पाएका थिए।

**नयाँ मतदाता ३४ हजार २५२**

जिल्ला निर्वाचन कार्यालय महोत्तरीका अनुसार जिल्लामा ३४ हजार २५२ नयाँ थपिए मतदाता संख्या ४ लाख ३१ हजार २८२ भएको छ। निर्वाचन क्षेत्र नम्बर १ मा १ लाख ५ हजार ६४६, क्षेत्र २ मा ५८ हजार ८६१ पुरुष र ४८ हजार ७३३ महिला, ३ मा ५९ हजार ९५० पुरुष र ५० हजार ८८६ महिला, ४ मा ६० हजार १५० पुरुष र ४७ हजार ४५६ महिला छन्। जिल्लामा २५८ मतदानस्थल र ५३६ मतदान केन्द्र छन्।

**सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।**

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ-मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन्। त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन्। यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं। ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं। स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं। हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं। पर्यटक हाम्रा पाहुना हुन्। स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं।

**औरही नगरपालिका**

महोत्तरी, मधेश प्रदेश

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल**

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धारा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनोरोड बर्दिबास, महोत्तरी

०४४-५५२५५,९८१२०१८०१०

# वीरगञ्जमा तीनदिने मधेश साहित्य महोत्सव हुने




• टक नेपाल

यही माघ १५ गतेदेखि वीरगञ्जमा तीन दिने मधेश साहित्य महोत्सव हुने भएको छ।

महोत्सव आयोजक संस्था उत्कर्ष नेपालले मंगलबार पत्रकार सम्मेलन गरी मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको प्रमुख आतिथ्यतामा माघ १५ गतेदेखि वीरगञ्जमा तीन दिने मधेश साहित्य महोत्सव आयोजना गने जनाएको हो।

मधेशका विविध पहिचान, भाषा, साहित्य, कला र संस्कृतिसँग जोड्दै साझा सांस्कृतिक आन्दोलनका रूपमा स्थापित गर्ने उद्देश्यका साथ आयोजना गरिएको महोत्सवको सम्पूर्ण तयारी पूरा भइसकेको पत्रकार सम्मेलनमा आयोजकले जानकारी गराएको छ।

वीरगञ्जस्थित मधेस विश्वविद्यालयको प्राङ्गणमा माघ १५, १६ र १७ गते आयोजना गरिने महोत्सवको पहिलो दिन उद्घाटन सत्र वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख तथा संरक्षक राजेशमान सिंहको अध्यक्षता तथा मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको प्रमुख आतिथ्यमा हुने कार्यक्रम रहेको छ। अन्य विभिन्न सत्रमा गाउँका युवा, पलायन र विकल्प, गाउँ, लोकतन्त्र र सत्ता तथा गाउँ स्मृति र इतिहास जस्ता विषयमा विज्ञ वक्ताले धारणा राख्न कार्यक्रम रहेको आयोजकले जनाएको छ।

दोस्रो दिन शिक्षा, स्वास्थ्य र समानता, गाउँ सङ्घर्ष र संरचना, गाउँ विकास र विनाश तथा गाउँका खबर विषयमा छलफल हुने कार्यक्रम रहेको छ भने तेस्रो दिन गाउँ बन्दै सहर र सहर बन्दै गाउँ, भोजपुरी साहित्यमा गाउँ विषयक सत्र आयोजना हुने पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

मधेस प्रदेशका प्रदेश प्रमुख सुरेन्द्र लाभकर्ण तथा वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहको सभापतित्वमा हुने महोत्सवको समापन समारोहमा कल्पना पटवारीसहित स्थानीय कलाकारको सांगीतिक प्रस्तुति पनि रहने आयोजकले जनाएको छ।

# दलबाट भन्दा स्वतन्त्र उम्मेदवारी दिने महिला बढी

• टक नेपाल




प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सप्तरीको चार वटा निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फ १३ जना महिलाले स्वतन्त्र उम्मेदवारका रूपमा मनोनयन दर्ता गरेका छन् भने सात जना महिला राजनीतिक दलको टिकट लिएर उम्मेदवार बनेका छन् । प्रत्यक्षतर्फ १०२ जना उम्मेदवारमध्ये २० महिला चुनावी प्रतिस्पर्धामा होमिनुभएको छ ।

निर्वाचन क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट पुष्पा चौधरी र नागरिक उन्मुक्ति पार्टीबाट टीकालक्ष्मी चौधरी, क्षेत्र नम्बर २ मा नेपाल जनता पार्टीका तर्फबाट पूर्वसांसद रञ्जुकुमारी ठाकुर र नेपाल मजदुर किसान पार्टीबाट नीलमकुमारी यादव, क्षेत्र नम्बर ४ मा नेपाली कम्युनिस्ट पार्टीबाट रुबीकुमारी कर्ण, जनता समाजवादी पार्टी नेपालबाट बबी सिंह यादव र आमजनता पार्टीबाट अनिताकुमारी चौधरी उम्मेदवार बन्नुभएको हो । क्षेत्र नम्बर ३ मा भने कुनै राजनीतिक दलले महिलालाई उम्मेदवार बनाएनन् ।

क्षेत्र नम्बर १ बाट रामकुमारी खङ्ग, रिजवाना खातुन र उम्दादेवी सदा स्वतन्त्र रूपमा उम्मेदवारी दिएर प्रतिस्पर्धामा उत्रिनुभएको छ । यस्तै क्षेत्र नम्बर २ बाट अम्बिकादेवी साफी, सुशीलाकुमारी साह र साधना दास स्वतन्त्रबाट चुनावी मैदानमा उत्रिनुभएको हो ।

क्षेत्र नम्बर ३ मा कौशलकुमारी चौधरी, रजियादेवी सदा, सरिताकुमारी यादव र कोशीलादेवी पासमान स्वतन्त्र रूपमा उम्मेदवार बन्नुभएको हो । क्षेत्र नम्बर ४ बाट स्वतन्त्र रूपमा प्रेमकुमारी महरा चुनावी मैदानमा प्रतिस्पर्धामा उत्रिनुभएको छ ।

मधेशी आयोगका सदस्य आभासेतु सिंह सप्तरीमा १०२ जना उम्मेदवारमध्ये सात जना महिला मात्र राजनीतिक दलको टिकटबाट उम्मेदवार बन्नु सरकारी नीतिमा कमजोरी भएको बताउनुहुन्छ। उहाँले सरकारले प्रत्यक्षतर्फ महिलाका लागि आरक्षित सिट घोषणा नगरेसम्म राजनीतिक दलको प्राथमिकतामा महिला उम्मेदवार नपर्ने बताउनुभयो ।

सिंहले भन्नुभयो, "महिलासँग आर्थिक अभाव छ। आत्मविश्वासको पनि कमी छ र राजनीतिक दलको प्राथमिकतामा पनि महिला छैनन् ।"

राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनले महिला प्राथमिकतामा नपर्नु समावेशी र राजनीतिक दलको सिद्धान्त अनुकूल नभएको बताउनुभयो । उहाँले राजनीतिक दलभित्र व्यक्तिवादी सोच हाबी भएका कारण प्रत्यक्षतर्फ महिलालाई उम्मेदवार नबनाएको धारणा व्यक्त गर्नुहुन्छ। सप्तरीमा २०४८ सालपछि भएको प्रतिनिधि सभा निर्वाचनमा २०५६ सालमा राप्रपा र २०६४ सालमा मधेशी जनाधिकार फोरम नेपाल हाल (जसपा नेपाल) का नेता रेणु यादव चुनाव जित्ने एक मात्र महिला हुनुहुन्छ ।

यसअघि २०७९ को प्रतिनिधि सभा निर्वाचनमा सप्तरी क्षेत्र नम्बर १ बाट जसपा नेपालका नवलकिशोर साह, क्षेत्र नं. २ बाट जनमत पार्टीका अध्यक्ष डा. सिके राउत, ३ र ४ बाट नेपाली कांग्रेसका क्रमशः दिनेशकुमार यादव र तेजुलाल चौधरी गरी चारै जना पुरुष उम्मेदवारले चुनाव जित्नुभएको थियो। आगामी निर्वाचनका लागि यहाँ कुल चार लाख ४६ हजार ४०२ मतदाता छन्। यसमध्ये महिला मतदाताको सङ्ख्या दुई लाख १३ हजार २८३ रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेशकुमार जोशीले जानकारी दिनुभयो ।

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिवास-२, महोत्तरी
औषधी पसल
यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ ।

## जनहितमा जारी

- बिना अनुमति बोडिङ नगनुहोस्।
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- पानीको सिइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याआं।
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतां।



महोत्तरी गाउँपालिका,महोत्तरी

## परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-



- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

एकडारा गाउँपालिका , महोत्ती, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014